सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक


# ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १५७ | वि.सं. २०७९ पुस २२ गते शुक्रबार | 06, 2023 Friday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## सडकमा जथाभावी फोहोर फाल्नेलाई जरिवाना।




वीरगञ्ज। जथाभावी फोहोर फाल्नेलाई वीरगञ्ज महानगरपालिकाले कारबाही अभियान अघि बढाएको छ।

महानगरलाई सफा, सुन्दर बनाउनका लागि जथाभावी फोहोर फाल्ने बानी हटाउन कारबाही स्वरुप महानगर ले जरिवाना गर्न लागेको हो।

महानगरले बिहीबार २ वटा पसललाई कारबाही स्वरुप जरीवाना तिर एको छ। घण्टाघरको विनोद मोबाइल हबले सडक पेटीमा जथाभावी फोहोर फालेको भेटिएपछि जरिवाना गरिएको महानगरका सरसफाई शाखा प्रमुख सर फुद्धिन मियाँले जानकारी दिए।

यस्तै विर्तामा रहेको संस्कार मेडिकोलाई पनि जरिवाना तिराईको छ। पहिलो पटकलाई ५ सय रुपैयाँ जरि वाना तिराइएको र पुन: फोहोर फ्याँकेको भेटिए थप जरिवाना गरिने मियाँले बताए।

महानगरले नगर हरियाली र सफा बनाई राख्न अहिले सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने अभियान नै चलाईरहेको छ।

वीरगञ्जलाई सफा, स्वच्छ र हराभरा बनाउन सबैको सहभागितामा मात्रै संभव रहेकाले यसलाई अटेर गर्दै फोहोर गर्नेलाई कारबाही गरिने महानगरले चेतावनी दिएको छ।

सडकमा जथाभावी फोहोर गरेको भेटिए जो कोहीलाई पनि कार बाही गरिने गरी संयन्त्र परिचालन गरि एको छ।

महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह निर्वाचित भएर आएसँगै नगर हरि याली र सरसफाईलाई प्राथमिकता दिँदै अभियान चलाइरहेका छन्।

## सरकारी कार्यालयबाट समातिएका ३८ बिचौलियामाथि अभद्र व्यवहारको मुद्दा



काठमाडौं, पुस २१

काठमाडौंका विभिन्न कार्यालयबाट समातिएका ३८ जना बिचौलियाहरूमाथि अभद्र व्यवहारको मुद्दामा अनुसन्धान अघि बढ्ने भएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले बुधबार र बिहीबार यातायात व्यवस्था कार्यालय र वैदेशिक रोजगार कार्यालयबाट ३८ जनालाई पक्राउ गरेको एसपी दिनेशराज मैनालीले जानकारी दिए।

उनीहरूमाथि थप अनुसन्धान गर्न काठमाडौं जिल्ला प्रशासन कार्यालयले १० दिन हिरासतमा राख्न अनुमति दिएको हो।

उनीहरूमाथि अभद्र व्यवहारको मुद्दामा अनुसन्धान अघि बढ्ने भएको हो। यातायात व्यवस्था कार्यालय गुर्जुधाराबाट २५ जना र वैदेशिक रोजगार कार्यालय ताहाचलबाट

बाँकी तेश्रो पृष्ठमा

## औषधि बोकेको ट्रकमा मदिरा, राजश्वले गर्‍यो कारबाही



वीरगञ्ज,२१ पुस। आन्तरिक राजश्व कार्यालय वीरगञ्जले औषधी बोकेको ट्रकमा अवैध घरेलु रक्सी बोक्ने ट्रक चालकलाई जरिवाना गरेको छ।

कार्यालयले ट्रक चालक वीरगञ्ज-३० बस्ने सदाम हुसेनलाई १५ हजार रुपैयाँ जरिवाना गरेको हो। अवैध रक्सीको ३९ हजार विगो र रक्सी ओसार्न प्रयोग भएको ट्रकको २५ हजार जरिवाना लिएको छ।

प्रहरीले विरगन्ज-२ श्रीराम हल पछाडिको खाली चौरबाट बिहीबार बिहान अवैध घरेलु रक्सी सहितको कन्टेनर नियन्त्रणमा लिएको थियो।

ना ६ ख ७२६ नम्बरको मालवाहक कन्टेनरमा त्रिभुवन विमानस्थलबाट पैठारी प्रज्ञापनपत्र अनुसारका १ करोड १४ लाख ४९ हजार ७ सय २५ रुपैयाँ बराबरको औषधि लोड थियो।

३९ वटा पोकामा प्रतिपोका १० लिटरका दरले ट्रकमा ३ सय ९० लिटर अवैध घरेलु रक्सी समेत राखिएको थियो।

प्रहरीले अवैध घरेलु रक्सी कन्टेनरमा राखेर ल्याउने ट्रक चालक सदामलाई पनि पक्राउ गरेर आन्तरिक राजश्व कार्यालय वीरगञ्जमा बुझाएको

बाँकी तेश्रो पृष्ठमा

## चोर समात्न गएको प्रहरीमाथि जब तातो पानि र खुर्सानी फ्याकियो





वीरगञ्ज, २१ पुष। जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ स्थित मदरसा टोलमा मंगलवार राती नसरुदिन देवानको घरमा चोरी भएको घटना तुरुन्तै फैलियो।

सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय जीतपुरबाट प्रहरी घटनास्थल पुग्यो।

प्रहरीले चोरी भएको घरको मुचुल्का तयार गर्‍यो। देवानले आफ्नो घरमा भएको चोरीको आरोप छिमेकी रिजवाना खातुनमाथी लगाए। उनले प्रहरीसमक्ष उजुरी दिए।

देवानको उजुरीपछि बुधवारइलाका प्रहरी कार्यालय सिमरा र जीतपुरको प्रहरी टोली रिजवानाको घरमा पुग्यो। तर प्रहरीले न त सहजै रिजवानालाई भेट्न पायो न सहजै घरमा प्रवेश गर्न सक्यो।

प्रहरी आफ्नो घरमा आएको थाहा पाउनासाथ रिजवानाले घरको ढोका खोल्न मानिनन्। ढोका खोल्न आग्रह गर्दा समेत रिजवानाले नमानेपछि बल प्रयोग गर्न प्रहरी बाध्य भयो। प्रहरीले बल प्रयोग गर्न थालेपछि रिजवाना र उनको परिवारका सदस्यले तातो पानी र खुर्सानी फ्याल्न सुरु गरे।

त्यती मात्र नभई घरमाथीबाट ढुङ्गासमेत प्रहार गरे।रिजवानाको परिवारले ढुङ्गासहित तातो पानी र खुर्सानी फ्याल्न थालेपछि प्रहरी तितरवितर हुन पुगेको थियो। प्रहरीलाई भगाउन अनेक उपाय लगाएपनि अन्त्यमा प्रहरीले बल प्रयोग गर्दै रिजवानासहित चार जनालाई नियन्त्रणमा लियो।

प्रहरीले ४० वर्षीया रिजवाना, उनको भाइ र दुई छोरालाई नियन्त्रणमा लिएको हो। चोरी आरोपमा उजुरी परेपछि अनुसन्धानका लागि पुगेका प्रहरीमाथी नै जाइलागेपछि प्रहरीले अभद्र व्यवहारमा मुद्धा प्रक्रिया सुरु गरेको छ।

सिमरास्थित इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले रिजवानाको परिवारले प्रहरीलाई भगाउन अनेक प्रयास गरेपनि अन्त्यमा नियन्त्रणमा लिएर कारवाही प्रक्रिया सुरु गरेको बताए। ईशिलालेखबाट साभार।

## पेट्रोलियम पदार्थको मूल्य घटाउन प्रधानमन्त्री प्रचण्डको निर्देशन



काठमाडौँ, पुस २१ गते।

पेट्रोलियम पदार्थको मूल्य तत्काल घटाउन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले निर्देशन दिएका छन्।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेका कारण सोही बमोजिम मूल्य समायोजन गरी

बाँकी तेश्रो पृष्ठमा



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# नेपाल : नयाँ सरकारले के गर्ने ?

**महेन्द्र पीरु. लामा**

नेपालको संसद्को चुनाव चाखैलाग्दो भयो। कहिल्यै नचिताएको गठबन्धन भयो, त्यही पनि चुनावअघि, अनि फेरि नसोचेकै नतिजा पनि। कसैले अर्कालाई आड-पिठ्युँमा चढेरै जिते भने, कसैले एकअर्काको काँध-कुममै खुट्टा-शरीरसम्म राख्दा पनि हारे। विदेशीहरूले घोडादौडमा झैं बुक्की खोज्दै दाउ लगाए।

कसैले इन्डो-प्यासिफिकको घोडा दौडाए, कसैले चीनलाई पछ्यार्ने घोडसवारी अघि ल्याए र फेरि कसैले त गँड्यौला, झुसुले र खुम्लेकीरा सबैलाई एउटै ढाकीमा हाली सलबलाउन लगाए।

के यो नेपालकै चुनाव थियो ? के नेपालीले नै लडेको प्रजातन्त्रको होडबाजी थियो ? के बस्तीवाला-पहाडे-मधेशी सबैले चाहेकै सरकार बन्यो ? प्रश्नहरू धेरै अघि आए र आउँदै छन्, चुनाव सकेर सरकारसमेत बनेपछि पनि। नेताले डाँडाको घाम भइसकेर पनि फेरि झुल्किएर त्यानोपन दिन नसकेपछि बादल र तुवाँलोलाई औंल्याएको पनि देखियो। केही गर्न सक्ने आँट र क्षमता भएको नौलो पिँढीलाई रकेटको जमानामा पनि गोरुगाडा नै हाँक्न लगाउने ज्ञान-प्रज्ञा-अनुभवले विक्षिप्त नेताहरू पनि देखियो।

तर नेपाललाई मात्र किन ठिंग उभ्याउनु, अमेरिकादेखि मलेसियासम्म, ब्राजिल र क्युबादेखि भारतका कर्णाटक, सिक्किम र पश्चिम बंगालसम्मै बूढापाकाले जरैबाट नउखेलिउन्जेल गद्दी सम्हालेकै हुन्!

गद्दी-चौकीमा बस्नासाथ चाउरिएका गाला-छालामा गुलाबी-रातो रंग चढेको र फेरि रोम-रोम रोमाञ्चित हुने वैंसको आगमन भएको पनि नदेखेका होइनौं। नेपाल-भारत-चीनमा यस्ता उदाहरणहरू लछेप्रै छन्। फरक यति मात्रै हो, नेपालमा गद्दी-चौकीले दशकौं बितेर जाँदा पनि तिनै तीन-चार-पाँच अनुहारबाहेक अरू देख्दै देखेन। 'घुमीफिरी रुम्जाटार' खेलमा गद्दी-चौकीले समेत हार खायो। कोसी-गण्डकी-मेची ओरालो बगे पनि त्यही जहाजी र उकालो बग्दा पनि त्यही जहाजको चालक!

तीन करोडजति जनसंख्या भएको नेपालमा मानौं एउटा डोकोभरि अट्ने मात्रै नायकहरू छन्! नेपालको अहोभाग्य-दुर्भाग्य, डोकोभरि अटाएका नायकहरूमध्ये को फुत्रुक्कै बाहिर निस्कन्छ, उसैले तय गर्ने भयो। भाग्य, भविष्य र उज्यालोपन ल्याउन सक्ने लाखौंलाई चाहिँ डोको रुँघेर बसिरहने बनाइए।

र नै, गत तीस वर्षमा डोकोबाट निस्केका नेता र उनीहरूका सरकारले डोकोलाई अठ्याउने, ताक्ने र मजबुत बनाउने काम मात्रै गरे। डोकोबाहिरका जनता, वातावरण र राष्ट्रलाई परवाह नै गरेनन्। विदेशीलाई डोको लपेट्न अति नै सहज, ओल्टाइपोल्टाइ गर्न त अझै मज्जा र डोकोभित्रकाहरूलाई मर्काउन र चढ्काउनमा झनै अलौकिक आनन्द।

र विदेशीले डोको नै औंधी मन पराउँछन्, एकदुई झुल्किने घाम र तिरिमिरी पारिदिने नयाँ नक्षत्रलाई पनि सम्हालेर पछ्यौरी तान्दै डोकोभित्रै हालिदिन्छन्। यो पालि पनि झन्डै त्यस्तै त भएन? डोको, त्यसभित्रका साथीहरू जति नै लाप्पा खेलेको देखिए पनि पाहा त डोकोभित्रैबाट उम्क्यो।

यो कुनै नयाँ कुरा हुँदै भएन। सबैले जानेकै-बुझेकै र अडकल गरेकै कुरो भयो। अब आउने पाँच वर्ष वा अर्को चुनाव नहुन्जेल ज्योतिषीलाई भन्दा पनि साधारण जनतालाई कसले कसरी कहाँ खेल्छ र गोल कसले गर्छ, पेनाल्टी दिने रेफरी र लाइन्सम्यानहरू कहाँ कसरी दौडिरहेका छन्, कस्तो झन्डा बोकेका छन् भन्नेबारे अति नै परिपक्व ज्ञान-सूचना छ।

धेरैले भन्छन्- नयाँ सरकारले अब कम्प्रोमाइज-सम्झौता गर्दैन, जोखिम उठाउँदैन। जनहितका कार्य गर्नुभन्दा सत्ता बचाउनु सरकारका लागि महत्त्वपूर्ण हुनेछ। रूखको घनत्व चाहिँ सानो-कमजोर तर हाँगाबिँगा चाहिँ गह्रौं र असुहाउँदिला।

हावापानी-बर्खा-चट्याङ-भुइँचालो त के, एउटा ठूलै विदेशी शक्तिले हल्लाएको खण्डमा पनि रूख लच्कन्छ र ढल्न पनि सक्छ। अर्को चुनावसम्म धराशायी भने सायद नहोला, बरु अर्को रूखको खाँबो ठोकठाक पारी, क्रिसमसमा झैं रंगीचंगी हाँगाबिँगा-नक्षत्र-सान्तक्लज टाली अर्को नयाँ साल आउन देला। यही हो अहिलेको नेपालको राजनीतिक नेतृत्व र सरकारलाई चुनौती भने पनि, मौका भने पनि वा गरेरै देखाउँछौं भन्ने भावना-संकल्पले ओतप्रोत हुनु भने पनि।

हामी भारतीयहरूलाई, प्रजातन्त्रमा रुमलिन थालेको नेपालले अब के गर्छ भन्ने प्रश्नले सधैं कुतकुत्याइरहन्छ। नेपालमा के छैन, नेपालीले के गर्न सक्तैनन् र अब कसरी अघि बढ्लान् भन्ने कुरोमा हामी अन्य राष्ट्रहरूका जनता जनार्दन कौतूहलले विक्षिप्त हुन्छौं। किन नेपाल भनेभैं अघि बढ्न सकेन? बंगलादेशसमेत विकासशील राष्ट्रहरूको झुण्डमा प्रवेश गरिसक्यो, नेपाल त झन् विश्वसमुदायले नै भलो चिताएको राष्ट्र। गत ७०-७५ वर्षमा विश्वसमुदायले पुऱ्याएको आर्थिक अनुदानले मात्र पनि नेपालको द्रुत गतिमा विकास हुनुपर्ने हो। भारत र चीन छिमेकी हुँदाहुँदै नेपालले किन भनेजस्तो आर्थिक प्रगति अघि ल्याउनै सकेन?

हालै गठन गरिएको नेपाल सरकारका निम्ति डोकोभित्रबाट निस्कने सक्ने पाँच-छवटा मार्ग छन्। यी मार्गहरू कुनै भयानक क्रान्तिले देखाएका किञ्चित् होइनन्; तर निश्चय पनि, साधारण जनताले भोग्दै आएको पीरमर्का, विदेसिएका नेपालीहरूले देखेको राष्ट्र निर्माणको सपना, छरछिमेकी राष्ट्रहरूले चाहेको नेपालको अन्तर्राष्ट्रिय नीति एवं कार्यकुशलता र नेपाली युवा पिँढीले ठूलै खेल्ने मैदानको चाहना राख्दै आफूलाई होमेर गरेका चुनावी चर्चा-परिचर्चाले संकेत गरेका हुन्।

नेपालले आज खोजेको ठूलो स्थान हो- पारम्परिक परिचयदेखि एउटा नयाँ र व्यापक पहिचान-व्यक्तित्व एवं ब्रान्ड नेम। सगरमाथाको काखमा अवस्थित सुन्दर शान्त राष्ट्र, मिलनसार र वीरताको इतिहास बोकेका नेपालीहरू र एकपल्ट छिमेकी राष्ट्रहरूसमेत काम्ने शक्तिशाली देश - यी सबै पहिचान लिएर नेपाल दशकौं रह्यो। राष्ट्र जति अघि बढ्छ, जति उमेर खाँदै जान्छ, आफ्नो भित्री परिचय र बाह्य पहिचान पनि बदल्दै जान्छ।

यो अकाट्य कुरो हो र ऐतिहासिक परिप्रेक्ष्यमा विज्ञानझैं साँचो र तथ्यपरक पनि। चीनको सन् १९६०-७० को दशकको परिचय कस्तो थियो!

सांस्कृतिक क्रान्ति (कल्चरल रेभोल्युसन) ले छियाछिया पारेको, अनिकालले ग्रस्त र भोकमारीले दबाएको। चिनियाँको चीत्कारमा विश्वले नै आँसु बहाउने स्थिति थियो। उता भियतनामलाई पनि, उत्तर भियतनाम र दक्षिण भियतनामका नाममा अमेरिकाजस्तो क्रूर राष्ट्रले लगभग स्वाहा नै पारेको थियो।

भारत अंग्रेजको उपनिवेशवादले कुल्चेर अस्तव्यस्त-शोषित राष्ट्र। गरिबीले जरा गाडेको अनि फेरि चारैतिर फैलने साम्प्रदायिक दंगा-द्वन्द्वको राष्ट्र।

त्यस्तो तिरस्कृत एवं भँगालिएको पहिचानदेखि आज चीन, भियतनाम र भारत कसरी विश्वमा ब्रान्ड नेम परिवर्तन गर्दै अग्रपंक्तिका राष्ट्रहरूमा गनिन थाले! अर्थात्, केही दशकअघिको यी राष्ट्रहरूको परिचय र आज विश्वले नै सराहना गर्ने

बाँकी तेस्रो पृष्ठमा

# सत्ता, शक्ति र नैतिकता

**टीकाराम भट्टराई**

प्रायः राजनीतिकर्मी सत्ता, शक्ति र अधिकारलाई एकै अर्थमा बुझ्ने र तदनुकूल व्यवहार गर्ने गर्छन्। अधिकांश राजनीतिक दलका नेताहरूको पहिलो अभीष्ट सत्ता हो र यही अन्तिम सत्य पनि।

उनीहरू सत्ताका अगाडि शक्ति र अधिकार केही होइन वा सत्ता, शक्ति र अधिकार सबै एउटै हो भन्ने भ्रममा हुन्छन्। त्यसैले उनीहरू सत्तामा पुगेपछि आफू शक्तिशाली भएको अनुभूति गर्छन् र शक्तिको उन्मादमा संविधान, कानुन र लोकतान्त्रिक मूल्यमान्यतालाई दबाउन सकिन्छ भन्ने सोच्छन्। करिब तीस वर्षको मेरो व्यावसायिक जीवन-अनुभूतिले भन्छ- उही पात्र जब सत्तामा हुन्छ, संविधान र कानुनको प्रावधानको एउटा व्याख्या गर्छ अनि जब प्रतिपक्षमा पुग्छ, त्यही प्रावधानको ठीक विपरीत व्याख्या गर्न थाल्छ। राजनीतिकर्मीहरूमा अर्को पनि भूत सवार भएको हुन्छ, उनीहरू शक्तिको स्रोत आफ्नो पुर्ख्यौली सम्पत्ति हो भन्ने सोच्छन् र जनताबाट प्राप्त शक्तिलाई आफूखुसी प्रयोग गर्न सकिन्छ भन्ने दरिद्र मानसिकताबाट निर्देशित हुन्छन्।

राजनीतिक दलहरू र तिनका नेताहरूमा देखिने अर्को डरलाग्दो प्रवृत्ति हो- सत्तामा गएपछि शक्ति आर्जन हुन्छ र त्यो शक्तिको आडमा संविधान, कानुन र विधिको आफूखुसी प्रयोग गर्न पाइन्छ भन्ठान्नु। कानुन र संविधानको पालना नगर्ने छुट पनि त्यही सत्ता र शक्तिमै अन्तर्निहित हुन्छ भन्ने निरंकुश र अलोकतान्त्रिक चेतनाबाट उनीहरू वशीभूत भएका हुन्छन्। यो कुनै दलका नेताविशेषलाई लक्षित गरिएको टिप्पणी होइन कि, आम रूपमा सत्ता र शक्तिमा पुगेकाहरूमा देखिएको चरित्रको चित्रण मात्र हो।

संसदीय राजनीतीमा शक्तिको स्रोत जनतामा हुन्छ र राजनीतिक दलहरूलाई जनादेशको हिस्सा बमोजिमको शक्ति मात्र उपयोग गर्ने हक हुन्छ। त्यो पनि आफूखुसी होइन। शक्तिको प्रयोगको सीमा र विधि संविधान र कानुनद्वारा निर्धारित हुन्छ। यही मान्यतालाई संविधानवादले 'सीमित सरकार' भनेको छ। लोकतन्त्रमा सरकार असीमित होइन, सीमित हुन्छ। संविधान र कानुनले निर्धारण गरेको त्यो सीमाभित्रका कामहरूको प्रयोगको विधि कानुनमै लेखिएको हुन्छ। यसैलाई भनिन्छ विधिको शासन। विधिको शासनबारे विधिशास्त्रमा एउटा भनाइ छ- तिमी जतिसुकै माथि होऊ तर कानुन जहिले पनि तिमीभन्दा माथि हुन्छ। लोकतन्त्रमा शासन गर्ने आधार विधिको शासन नै हो। विधिको शासनले कुनै शासक वा शक्ति वा अधिकारलाई चिन्दैन, चिन्छ त केवल संविधान र कानुन अनि त्यसको प्रयोगको विधि र सर्तलाई मात्र।

शक्ति आवधिक निर्वाचनबाट प्राप्त हुन्छ, अधिकार संविधान र कानुनबाट निःसृत हुन्छ र सत्ता संसदीय गणितबाट प्राप्त हुन्छ। तर शक्ति, सत्ता र अधिकार तिनै कुराको स्रोत संविधान हो। संविधान र कानुनले निर्देश नगरेको अधिकार सत्ता र शक्तिको आडमा उपयोग गर्न सकिँदैन, चाहे दुईतिहाइकै जनमत पाइएको किन नहोस्।

लिखित संविधानको यही एउटा महत्त्वपूर्ण मान्यता हो कि, संवैधानिक सीमा र विधिको अधीनस्थ मात्र सत्ता र शक्तिको प्रयोग गर्न पाइन्छ। सत्तामा जाने भनेको संविधानको कार्यान्वयन र परिपालना गर्नलाई हो। तर हाम्रोमा सत्तामा गइयो भने संविधान र कानुनले आफूलाई छुन सक्दैन भन्ने बुझाइ छ। यो भ्रमबाट राजनीतिकर्मीहरूलाई मुक्त गराउन नागरिकमा आलोचनात्मक चेतको प्रचुर विकास र विस्तार हुनु जरुरी छ।

संवैधानिक र संसदीय अभ्यासका क्रममा पछिल्लो पटक विकसित भएको अवधारणा हो- संवैधानिक नैतिकता। यो अवधारणाले संविधानमा प्रत्यक्ष रोक नलगाएको तर संवैधानिक भावनाविपरीत गरिने कार्य वा अभ्यासलाई संवैधानिक नैतिकताविपरीतको कार्य भनेर परिभाषित गर्छ। बेलायत, अमेरिका वा भारतमा संवैधानिक नैतिकताविरुद्धका कार्यहरूलाई अदालतहरूले असंवैधानिक भन्दै बदर गर्न थालिसकेका छन् र नेपालमा पनि एकदुई मुद्दामा संवैधानिक नैतिकताको विषयले स्थान पाउन थालिसकेको छ। लोकतन्त्रको अभ्यासलाई लिएर पछिल्लो पटक विकसित भएको यो अवधारणालाई नेपालका सबै तहका अदालतहरूले ग्रहण गर्नु जरुरी छ। संविधानको समग्र भावनाविपरीतको कार्यको वैधताको परीक्षण नगर्ने वा त्यसलाई रोक नलगाउने हो भने सत्ता र शक्तिको आडमा संविधान र संविधानवाद नै समाप्त हुन पुग्छ।

संवैधानिक नैतिकताविपरीतको कार्यको पछिल्लो उदाहरण हो- रवि लामिछानेको उपप्रधानमन्त्रीसहित शक्तिशाली गृह मन्त्रालयमा पदार्पण। दुनियाँलाई थाहा छ, नेपाल प्रहरीले उहाँको नागरिकताका विषयमा छानबिन गरिरहेको छ र त्यसबाट उहाँलाई मुद्दा लगाउनुपर्ने निष्कर्ष निस्कियो भने अदालतमा जानुपर्ने हुन्छ। त्यो फौजदारी अभियोग हुनेछ र अदालतले दोषी ठहर गरेमा उहाँलाई कैद सजायसमेत हुन सक्छ। कामना गरौं, उदीयमान युवा नेता त्यो कानुनी झन्झटमा फस्नुहुनेछैन र उहाँ निर्दोष सावित हुनुहुनेछ। तर हाम्रो कामना

बाँकी तेस्रो पृष्ठमा

# चुनौतीपूर्ण अर्थतन्त्र

**डा. विमल तिवारी**

व्यापार बढाउने र आम्दानी बढाउने मध्यमार्गी ब्याजको दर कायम गर्दै ब्याजदर घटाउने नीति लिनु देशको लागि अधिक फलदायी देखिन्छ।

बढ्दो मन्दीले अझ असहज परिस्थिति निम्त्याउँछ। सामना गर्न तयार हुन जरुरी छ। यो सहजै जान्छ। यो कोरोना भाइरसका कारण संसारभरि भएको आर्थिक कारोबार शिथिलतापश्चात्को पुनरुत्थानको अवस्था हो।

अलिक फरक हुन सक्छ भन्ने विश्व आकलन छ। नेपाल राष्ट्र बैंकले मुद्रा आपूर्ति वा मौद्रिक निर्णयहरू वा वृद्धिदर बढाउन लिइएका उपाय वा कारबाहीहरू जस्तै जीडीपी, मूल्य स्थिरता र वित्तीय प्रणालीमा उपयुक्त तरलता कायम गर्छ।

सामाजिक-आर्थिक रूपान्तरण र नीति प्रसारणमा मौद्रिक नीतिको योगदानलाई पनि विकासका अन्य आर्थिक मापदण्डहरू जस्तै अपेक्षित बजेट सञ्चालन र विभिन्न सरकारबाट उत्पन्न हुने वास्तविक राजस्वको समीक्षा, खर्चको स्रोत, निर्यात र आयातको मात्रा र व्यापार घाटा, चालू खाता, विदेशी मुद्रा सञ्चिति, निक्षेप परिचालन र तरलताको स्थितिमा यसको प्रभाव रहेको हुन्छ। दोस्रो रूपमा मौद्रिक नीतिको मुख्य अंगजस्तै ब्याजदर, मुद्रास्फीति, सीआरआर, एसएलआर, ओएमओ, तरलता व्यवस्थापन प्रणाली अर्थात् वित्तमा पहुँच, मौद्रिक सुधार, नियामक र पर्यवेक्षण संयन्त्रको अध्ययन, मूल्यांकन रूपान्तरण हुने गर्छ।

ग्लोबल फाइनान्सियल बजार वित्तीय व्यवस्था प्रणालीको आकार, आकार र आयाम अर्थात् वृद्धि, विकास र आविष्कारका हिसाबले ठूलो परिवर्तन ल्याएको छ। यो परिवर्तन वित्तीय संस्था र वित्तीय उपकरणहरूमा द्रुत रुआविष्कारहरूद्वारा सहजीकरण गरिएको छ।

विदेशी संस्थागत लगानीकर्ता, हेज फन्ड, सार्वभौम सम्पत्ति कोष, निजी इक्विटी कोष, भेन्चर क्यापिटल र एन्जल फन्ड आदिजस्ता नयाँ वित्तीय संस्थाहरूको आगमनले पनि बैंकहरूका लागि नयाँ जोखिम र चुनौती खडा गरेको छ। वित्तीय संस्थाहरूमा बैंकिङ, ट्रेजरी, इन्स्योरेन्स, म्युचुअल फन्ड, सम्पत्ति व्यवस्थापन एजेन्सी र डेरिभेटिभजलाई समेटेर एक विशाल वित्तीय समूहको रूपमा बैंकिङ क्षेत्रको रूपान्तरणले विभिन्न प्रकारका जोखिमको सामना गरिरहेको छ, जसको मूल्यांकन, अनुगमन गर्न गाह्रो छ। नयाँ वित्तीय संस्था र आविष्कारहरूको यो विकासले समग्र बैंकिङ प्रणाली र वित्तीय विश्वको स्थायित्वलाई पहिलेभन्दा धेरै खतरामा रहेको देखिन्छ।

सन् १९७० देखि विश्वले १ सय २४ वटा बैंकिङ संकट, २ सय ८ वटा मुद्रा संकट, ६३ वटा सार्वभौम ऋण संकट, २६ वटा जुम्ल्याहा संकट (बैंकिङ र मुद्रा) र ८ वटा तेहोरो संकट परेको छ। व्यापक छायाँ बैंकिङ, विदेशी वित्तीय इन्जिनियरिङ र डिरेगुलेसनको बीचमा हाउजिङ मार्केट बबलको विस्फोटबाट सुरु भएको अमेरिकी वित्तीय संकट पछि, युरोपेली संघमा, विशेषगरी ग्रिसमा सार्वभौम ऋण संकट देखा पऱ्यो।

अन्य युरोपियन युनियनजस्तै इटाली, स्पेन, पोर्चुगल र आयरल्यान्डले पनि संकटको केही लहरको सामना गरेका छन्। पुरानो नीतिको निरन्तरता सुशासन तथा वित्तीय कमजोरीका कारण वित्तीय स्थायित्व र प्रभावकारी मौद्रिक नीतिको प्रमुख चुनौती बनेको छ। आर्थिक अस्थिरता कमजोरी आन्तरिक र बाह्य रूपमा देखा पर्न सक्छ।

उच्च ब्याजदर र नाफा निरन्तरताको नीतिभन्दा भरपर्दो वित्तीय प्रणालीले समग्र अर्थतन्त्रको साख राख्नेछ। बढ्दो मन्दीले अझ असहज परिस्थिति निम्त्याउँछ। सामना गर्न तयार हुन जरुरी छ।

विकसित देशहरू मुद्रा मूल्यवृद्धिलाई प्रश्रय दिने, विदेशी विनिमय हस्तक्षेप र कारोबारमार्फत मौद्रिक सहजीकरण र वित्तीय कडाइ जोखिम कम गर्न पुँजी नियन्त्रण उपायहरू अपनाउँछन्। यस्तो देखिन्छ कि पुँजी प्रवाहमा भएको वृद्धिजस्तै सम्पत्तिको मूल्यमा भएको वृद्धि, पुँजी प्रवाहमा भएको वृद्धिको परिणाम अस्थिर विश्व अर्थतन्त्र हो।

छिमेकी मुलुक भारतमा हालको कुल गार्हस्थ्य उत्पादनमा वृद्धिबाहेक डरलाग्दो रूपमा बढ्दो १० हजार करोडभन्दा माथिको तथा ६ हजारभन्दा बढी टाट पल्टिने संस्थाहरू निरन्तर वृद्धिमा छन्।

जसका कारण थपिँदो बेरोजगारीले राम्रो संकेत गर्दैन। विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनमा चलेको बैंकिङ संकट हो। सीएनएनका अनुसार चार हजारभन्दा बढी स्थानीय बैंक बन्द हुने अवस्थामा रहेको र हालसम्म पैसा निकाल्न पाएका छैनन्। सर्वसाधारण व्यक्तिगत पैसा निकाल्नसमेत बन्द छ।

नागरिकहरू रिसाएर आन्दोलन तथा तोडफोड गर्नेजस्ता घटना चीन सरकारको टाउको दुखाइको विषय बनेको छ। यसको मुख्य कारण हेना न्यु फर्च्युन ग्रुपमा लगानी प्रोत्साहन गर्नु र उक्त कम्पनी नक्कली सावित हुनु थियो।

चार सयभन्दा बढी नागरिकले कर्जा तिर्न अस्वीकार एकसाथ गर्नुले झन्डै ९.२ ट्रिलियन कर्जा निष्क्रिय भएको छ। धेरै व्यक्ति र संस्थानहरू कंगाल हुने अवस्था आएको एभरग्रान्डीरियल स्टेट कम्पनीले तीन बिलियन कर्जा नतिरेको र संकट आएको अवस्था छ।

सेयर बजार धराशायी भएको छ। सम्पूर्ण जनसंख्याको दुई प्रतिशत नागरिकले बैंकमा पैसा राख्न छाडेका छन्। सबै बैंक सरकारको नियन्त्रणमा रहेकोले घाटा र ऋण भर्पाइ सरकारले गर्न सक्ने भएकोले त्यहाँको अर्थ व्यवस्थामा त्यस्तो हुने छैन। हाल

बाँकी तेस्रो पृष्ठमा

## चुनौतीपूर्ण...

पुनः त्यहाँको अर्थतन्त्रले आफ्नो लय समातिसकेको देखिन्छ। जे जस्तो भए पनि नेपाल कृषि उपजबाट सञ्चालित भएको हुँदा महँगी झेल्न सकिने तर विश्व अर्थतन्त्र महँगीको भार बोक्न नसक्ने भएकाले महँगी सन्तुलनका लागि ब्याज वृद्धि हुन अनिवार्य विकल्पको रूपमा स्थापित छ।

त्यसैले अरूदेखि सिक्नेभन्दा वस्तुपरक स्थितिको उचित विश्लेषण र तत्कालीन मध्यमार्गी बाटो लिनु उचित हुन्छ। किनकि हाम्रो उद्योग, उद्यमिता, ब्यापार, बचत, व्यवसाय धराशायी नबनुन्। अन्यथा विश्व मन्दीले ठूलो चपेटाको सास्तीबाट खुला व्याज नीति होडबाजीलाई रिजर्भको मात्रामा वृद्धि अर्थात् सीआरआर र एसएलआरमा कसिलो हुन्छ।

धितोपत्र बजारमा समेत पेनिक अवस्थामा रहेकोले कर्जाको भूमिका नकारात्मक र प्रतिउत्पादक हुन्छ। त्यसैले आवश्यक न्यून रहेकाले पुनर्कर्जा समयसीमा सहुलियत तथा कर्जा परिमार्जन नीतिबाट अध्यावधिक गर्छ। जाँदा वा एक वर्षदेखि दुई वर्षको समयसीमा थप गरी पुँजीकृत गरी क्षमताअनुसार केही समयका लागि भुक्तानी सहजताको वातावरण बनाउँदा विद्यमान संकटबाट पार पाइएला यस कारण केही समय बैंक वित्तीय संस्थाको नाफा मध्यम होला तर यस संकटबाट सहजै मुक्ति पाइएला।

सामान्यतया अर्थतन्त्रमा अचानक पुँजी प्रवाहले अत्यधिक मुद्रा मूल्यवृद्धि, क्रेडिट बुम, घरेलु बुलबुले मूल्यवृद्धिजस्ता वित्तीय कमजोरी आउने गर्छ भने पुँजीको अभावमा अस्वाभाविक ब्याजदरको परिवर्तन देखा पर्ने गर्दछ। हालको समयमा नेपालको स्थिति यस्तै हो। त्यसैले समयमा समग्र अर्थतन्त्रको असर र प्रभाव आकलन तथा समाधानको लागि तयारीमा जुट्न आवश्यक छ। आन्तरिक र बाह्य अर्थतन्त्रको अस्थिरता, बढ्दो वित्तीय एकीकरण तथा परिवर्तनलाई ध्यान दिने बेला आएको छ। अब केन्द्रीय बैंकले उपकरण संकट व्यवस्थापन गर्न संयन्त्र स्थापना गर्ने बेला आएको छ। जसले आन्तरिक उत्पादन वृद्धि गर्नको लागि लगानी नीति, व्यवस्था तथा सुशासन स्थापित गर्न सक्छ। बजारमा चरम ब्याज वृद्धिको कारणले डरको अवस्थामा सीडी रेसियो कायम गर्ने, आयातमा कडाइ गर्ने, सरकारी चालु खर्चमा कम गर्ने, स्वदेशी उत्पादनको अधिकतम उपयोग गर्ने हुँदा विद्यमान बैंक वित्तीय संस्थाले नाफाका लागि ब्याज वृद्धिमा होडबाजी गरेको देखिन्छ। नेपाल राष्ट्र बैंक अमुख हुनुले आर्थिक अराजकता र मन्दीको सामना कसरी हुने हो ? आश्चर्यलाग्दो छ।

नेपालमा बचत ब्याजदर १० प्रतिशतभन्दा माथि जानुले देशको औसत वृद्धिदरमा प्रभाव पार्छ। राष्ट्रिय आर्थिक आतंकबीच अर्थ संकट बढ्छ। आक्रान्त नगरौं, नबनौं। त्यसैले ब्याज बढाएर विद्यमान तरलता समस्या समाधान हुने होइन। अवस्था झन् कष्टकर हुँदै जानेछ। यो अस्वाभाविक ब्याजवृद्धिको होडबाजीले अन्य वित्तीय संस्था सहकारी, निजी व्यवसायीलाई धराशायी बनाएको छ। आत्महत्यासमेत भएको समाचार पढ्न सुन्न पाइएको छ। ऋण नतिर्ने बढेको छ। एनपीए बढ्दो अवस्थामा छ। ऋणीहरू त्रासमय रहेको पाइन्छ।

कोरोना संकटकालमा भाडासमेत तिर्न नसकेर व्यवसाय तथा व्यापार शिथिल भएको थियो। हालको आर्थिक मन्दीले झन् चौपट नहोला भन्न सकिन्न यस्तो बेला हाम्राजस्तो खुल्ला नाका भएको सानो मुलुकमा वैदेशिक गैरनागरिक, बाह्य व्यापारिक दलालहरूले हाम्रा सहर, ठूलठूला व्यापार, सफल उद्यम एवं अवसर माथि कु-दृष्टि वा एउटा रणनीतिक अवसरको रूपमा मौकामा सम्पत्तिमा अवैधानिक लगानी बढाउने प्रयोग नहुने भन्न सकिँदैन। आन्तरिक व्यापारमा हस्तक्षेप वा नियन्त्रण लिई राजनैतिक, आर्थिक र सामाजिक अस्थिरता निर्माण गर्ने शक्तिले जरा नगाड्ला भन्न सकिँदैन। देशभित्र लामो समयदेखि तरलताको समस्या देखिएको छ। स्वदेशी व्यापार एवं उद्यमीबीच हाल कारोबारको मन्दी र पुँजीको अभाव देखिएको छ। बैंक वित्तीय संस्थाले राष्ट्र बैंकको नीति विपरीत सीमाभन्दा बढी कर्जा लगानी र लामो समयसम्म स्थिर न्यून कर्जा ब्याजदर राख्ने प्रयासका कारण अहिले देखिएको क्रेडिट क्रन्च अर्थात् कर्जा संकट हुँदै पुँजी क्षयका कारण बढ्दो पुरानो तथा नयाँ व्यवसाय व्यापारहरू बन्द हुने क्रम देखिन्छ। युवा उद्यमीहरू निरुत्साहित हुँदै विदेसिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको महसुस हुन्छ। महँगीको मार सहन सकिन्छ, तर अस्वस्थ ब्याज प्रतिस्पर्धाले कसैको भलो हुँदैन समयमै चिन्तन मनन् गरौं। देशमा आर्थिक मन्दीका सामना गर्नुको विकल्प देखिँदैन। नेतृत्व चयनको बेला यो आर्थिक मन्दीको कारणले क्षमतावान् व्यक्तिको आगमन हुनेछ कि आशा गरौं।

त्यसैले छलफलमा समय बिताउने होइन व्यापार बढाउने र आम्दानी बढाउने मध्यमार्गी ब्याजको दर कायम गर्दै ब्याजदर घटाउने नीति लिनु देशको लागि अधिक फलदायी देखिन्छ। बैंक तथा वित्तीय संस्थाले ब्याजबाट आफ्नो नाफा लक्ष्य प्राप्तिभन्दा समग्र अर्थतन्त्रको साख राख्दै अर्थतन्त्र जोगाउनुपर्छ, यसको लागि नियमन निकाय र अख्तियारसम्मले आर्थिक पारदर्शिता साथ अर्थतन्त्रबाट हराउने रकम खोजी अनुसन्धान दीर्घकालीन समाधानको लागि अपरिहार्य हुन्छ। त्यस्तैगरी समग्र वित्तीय संयन्त्रको वित्तीय सुशासनका लागि जागरुक हुने। सीमा क्षेत्रमा मौद्रिक प्रवाह व्यवस्थापन तथा निकासी नियन्त्रणमा ध्यान दिन जरुरी छ। स्वदेशी वस्तु प्रयोगको लागि राष्ट्रिय जनआह्वान, सतर्कता, डलरको खर्चमा कटौती, प्राथमिकताका आधारमा उत्पादनमा आधारित लगानी गर्दै आर्थिक मन्दीमाथि विजय गर्न सबै क्षेत्रबाट डटेर लाग्न जरुरी देखिन्छ। **साभार अन्नपूर्णपोष्ट्**

## सत्ता.....

एउटा कुरा हो, कानुनको कोर्स अर्कै । निर्वाचन परिणामले उहाँको दललाई निर्णायक दलहरूमध्येको एउटा बनाएको छ र लाखौं युवाले उहाँलाई वैकल्पिक राजनीतिक धारको नेताका रूपमा स्वीकार गरेका छन् ।

यसको अर्थ यो होइन कि उहाँ नै मन्त्री बन्नुपर्छ र त्यो पनि गृहमन्त्री नै । सत्तारूढ दलका अन्य नेताबाट थाहा भयो, उहाँको रोजाइ गृह मन्त्रालय नै थियो र त्यो नपाउन्जेल उहाँ यो सत्ता समीकरणमा सामेल हुन तयार हुनुहुन्थेन ।

यसको रहस्य के होला ?

आफूसँग एकै पटक अमेरिका र नेपालका नागरिकता कायम रहेको, दुवै नागरिकता प्रयोग गरेको बारे प्रहरीले छानबिन गरिरहेको र निर्वाचनमा उम्मेदवार हुँदा आफू नेपाली नागरिक नै नरहेको भनी संवैधानिक इजलासमा आफ्नो योग्यताबारे प्रश्न उठिरहेको बेला उहाँको रोजाइ गृह मन्त्रालय नै किन पर्‍यो ? जवाफ बिलकुलै सीधा छ- अरू दलका नेतालाई जस्तै उहाँलाई पनि सत्ता, शक्ति र अधिकार एउटै हो भन्ने भ्रम छ ।

हो, यही बिन्दुबाट उहाँ पनि अरू दल र नेताकै कोटिमा पर्नुभएको छ । कल्पना गरौं, यस्तो अभियोगमा छानबिन भइरहेको अर्को कुनै दलका सांसद गृहमन्त्रीमा नियुक्त भएका थिए र रवि लामिछाने पत्रकारकै रूपमा क्रियाशील हुनुहुन्थ्यो भने उहाँको टेलिभिजन कार्यक्रममा केके उत्पात गर्नुहुन्थ्यो होला !

भनिन्छ, हरेक व्यक्तित्वको परीक्षण त्यस बखत हुन्छ जब उ अवसर र शक्तिको आसनमा विराजमान हुन्छ । त्यही कुरा रवि लामिछानेका हकमा पनि लागू हुन्छ । पत्रकार रवि लामिछाने र गृहमन्त्री रवि लामिछानेका मूल्यमान्यता र आदर्श अनि लोकतान्त्रिक संस्कारमा भिन्नता देखिन थालिसकेको छ । उहाँलाई प्राप्त जनमतको आधार भनेको गैरकानुनी कार्य र शक्तिको दुरुपयोग गर्नेहरूविरुद्ध धावा बोलेर आर्जन गरेको जनविश्वास नै हो । उहाँले त्यो शक्तिको स्रोत र आफ्नो

मूल्यमान्यतालाई बचाउन चाहनुहुन्थ्यो भने 'मेरो नागरिकता छानबिनको टुंगो नलागेसम्म म सरकारमा जान्नँ र अरूलाई नै पठाउँछु' भन्न सक्नुपर्थ्यो । तर, सरकारमा पनि जाने र गृह मन्त्रालय नै चाहिने भएपछि अब पत्रकार रवि लामिछानेले आर्जन गरेको जनविश्वास, अवलम्बन गर्न खोजेको मूल्यमान्यता र आदर्श अनि त्यो मूल्यमान्यता र आदर्शलाई मतदान गर्ने लाखौंलाख मतदाताको चाहनालाई उहाँले गृहमन्त्रीको पदसँग सौदाबाजी गर्नुभयो ।

यदि लोकतान्त्रिक मूल्यमान्यता, संविधान र कानुन अनि सार्वजनिक जवाफदेही र नैतिकताप्रति वफादारी हुन्थ्यो भने उहाँ यस पटक सरकारमा जानुहुन्नथ्यो । उहाँ अब चुकिसक्नुभएको छ ।

त्यो पदमा रहन्जेल या त उहाँको नागरिकताको छानबिन हुनेछैन या भए पनि सफाइ पाउनुहुनेछ । उहाँले वैध आधारमै सफाइ पाउनुभयो भने पनि त्यसलाई जनमानसले पत्याउनेछैन र गृहमन्त्री भएका कारण सफाइ पाउनुभयो भन्ने भाष्य स्थापित हुनेछ । त्यो भाष्यले उहाँको आगामी राजनीतिक जीवनमा निरन्तर लखेटिरहनेछ ।

यो उहाँसँग मात्र होइन, उहाँले स्थापना गर्न खोजेको भनिएको कथित वैकल्पिक राजनीतिक धारसँग पनि सीधा जोडिएको विषय हो । छ महिनाअघि स्थापित उहाँको राजनीतिक दलको मूल एजेन्डा नै 'हामी पुराना दलजस्ता होइनौं, सत्ता र शक्तिको आडमा राजनीति गर्दैनौं' भन्ने नै हो ।

तर पचासौं वर्ष राजनीति गरेका नेताहरूभन्दा पनि तीव्र गतिमा उहाँले सत्तामोह देखाउनुभयो र सत्तामा रहेर मात्र आफ्नो बचाउ गर्न सकिन्छ भनेर आफ्नो छानबिन गरिरहेको नेपाल प्रहरीकै तालुक मन्त्रालय रोजेर नेपाल प्रहरीलाई मात्र होइन नेपाल कानुनलाई नै चुनौती दिनुभयो । पुराना दलविरुद्ध खबरदारी गर्ने आशा र विश्वास आर्जन गरेको उदीयमान एउटा राजनीतिक शक्तिको क्षयीकरण यही बिन्दुबाट प्रारम्भ भयो । त्यो क्षयीकरणको वेग आगामी दिनमा झन् तीव्र हुनेछ र अर्को निर्वाचनसम्ममा 'पुनर्मूषिको भव' चरितार्थ हुन बेर लाग्नेछैन ।

यी हरफ पढिरहँदा रवि लामिछानेको पार्टीका कार्यकर्ता वा मतदातालाई रिस उठिसक्यो होला, तर रिसाउनु जरुरी छैन ।

यो लेखाइ नेपाली राजनीतिमा रवि लामिछानेको धार बच्नुपर्छ भन्ने आशयबाट प्रेरित छ । सत्तामा दोहोरिरहने उही अनुहार, उही प्रवृत्तिविरुद्ध सशक्त युवा जमात तयार हुन लागेकाले नेपाली राजनीतिमा युवा पुस्ताको आकर्षण बढेको अर्थमा र पुराना दलहरूलाई खबरदारी गर्ने शक्तिका रूपमा उदाएको नयाँ राजनीतिक दलका रूपमा रवि लामिछानेको धार यो संसदीय कार्यकालमा अझ सुदृढ हुनु जरुरी थियो ।

तर, त्यसको अवसान हुन थालिसक्यो । सचेत र आलोचनात्मक चेत भएको कुनै पनि नागरिकका लागि योचाहिँ दुःखको कुरा हो ।

हो, नागरिकता दुरुपयोग गरेको वा दोहोरो नागरिकता लिएको सांसदलाई मन्त्री हुन संविधान र कानुनले रोकेको छैन, तर यो संवैधानिक नैतिकताविरुद्धको गम्भीर प्रश्न हो । यही प्रश्नको घेरामा परिरहेका पुराना दलहरूका नेताको कोटिमा रविजी पनि पर्नुभयो एवं नैतिकता र पारदर्शिता अनि स्वचालित संवैधानिक अभ्यासको रटान लगाउने रविजी छ महिनामै स्खलित हुनुभयो । म फेरि पनि भन्छु- छानबिनबाट रविजी निर्दोष साबित हुनुहोस् तर त्यो छानबिनमा गृहमन्त्रीको राप र तापको प्रभाव नपर्ला भनी पत्याउन सकिने आधार देखिँदैन । एउटा आशालाग्दो शक्ति र त्यसको नाइके रविजी पुरानै दलहरूका नेतासरह पुरानै प्रवृत्तिमा लीन हुनुभयो, हामीलाई लागेको दुःखचाहिँ यति हो ।साभार : कान्तिपुर

## नेपाल......

पहिचान (आइडेन्टिटी) मा आकाश-पातालको फरक छ । जापान-युरोप-क्युबा सबैको यही इतिहास छ ।

नेपाललाई नयाँ र सुगठित पहिचान (ब्रान्ड नेम) अघि ल्याउन विश्वले नै मौका दिएको छ । विश्वमा चलिरहेको सबैभन्दा विस्तीर्ण एवं गहिरो परिचर्चा हो- जलवायु परिवर्तन (क्लाइमेट चेन्ज) ले ल्याएका मौका र खतराहरू ।

जलवायु परिवर्तन परिचर्चामा हिमालय क्षेत्रको परिप्रेक्ष्यमा नेपाल सिंगो र ठिंग उभिएको राष्ट्र हो । सम्पूर्ण हिमालय क्षेत्रलाई प्रतिनिधित्व गर्ने मौका र क्षमता आजको नेपालमा छ ।

भारत-चीन-बर्मा-भोटाङ-पाकिस्तान-अफगानिस्तान सबैलाई नेपालको नेतृत्वमा अघि ल्याउन सकिन्छ । नेपालमा केपी शर्मा ओलीको सरकारले 'सगरमाथा डायलग' गर्ने जो जमर्को गर्‍यो, त्यो अति नै प्रशंसनीय थियो ।

नेपालले जलवायु परिवर्तनको प्रवर्तक भएर विश्वमा हिमालय क्षेत्रबारे बहस राख्नु, वैज्ञानिक संस्थाहरू निर्माण गर्नु, विश्व चर्चा-परिचर्चाको केन्द्र हुनु र नयाँ खोज-ज्ञानको भण्डार बन्नु नै नयाँ विश्वपहिचान प्राप्त गर्नु हो ।

के नयाँ सरकारले यस दिशातर्फ ठूलो सोच र विश्वलाई नै अँगाल्ने कार्यक्रम बनाउन सक्छ ? राजा वीरेन्द्रले सन् १९७५ उसो 'नेपाल अ जोन अफ पिस' अर्थात् नेपाललाई शान्तिक्षेत्र घोषणा गर्नुका पछाडि राष्ट्रलाई नयाँ विश्वपहिचान दिने महत्त्वपूर्ण प्रयास पनि थियो ।

दोस्रो, नयाँ सरकार राष्ट्रमा अहिलेसम्म नबनेका संस्थाहरू ( इन्स्टिच्युसन) बनाउनपट्टि लाग्नुपर्छ । विश्व कहाँ पुग्यो, नेपाली जनता विश्वव्यापी बने र राष्ट्र पनि अघि बढोस् भन्ने चाहना-चासो राख्दाराख्दै पनि सरकारहरूले संस्था निर्माण गर्न भने सक्दै सकेनन् ! भारत-अमेरिका-जापान-चीन-सिंगापुर अघि बढे; कारण, त्यहाँका सरकारहरूले संस्था निर्माणमा आफूलाई लगभग होमिदिए ।

सात-आठ दशक खाइसकेको राणा शासनपछिको नेपालले अहिलेसम्म पनि त्रिभुवन र काठमाडौं विश्वविद्यालय लगायतमै आफूलाई सीमित राखेको छ । दिल्ली र वरिपरि हेर्नुस्, के छैन यहाँ ?

अस्पताल, मन्त्रालय, शिक्षण संस्था, वैज्ञानिक एवं टेक्नोलोजीका संस्था, निजी क्षेत्रका ब्यापार-वाणिज्य र उद्योगधन्दा, दूरसञ्चारदेखि सांस्कृतिक संस्थासम्म । नेपालमा जबसम्म विश्वस्तरका आफ्नै संस्थाहरू बन्दैनन्, तबसम्म नेपाल र नेपालीहरू अरू राष्ट्र-संस्था आदिमा निर्भर रहन कर लाग्छ । दशरथ स्टेडियमजस्तै खेलकुदका २०-२५ संस्थाहरू हुनुपर्‍यो ।

भाटभटेनी, ब्लुबर्ड आदि बन्न सक्छन् र तिनमा जनआकर्षण हुन सक्छ भने चिकित्सा, पर्वतमाला, ओखतीमुलो, पानी, जंगल, खेत आदिबारे विश्वस्तरका संस्थाहरू किन बन्न सक्दैनन् ? यी संस्थाहरू काठमाडौंदेखि टाढा मेचीको बगरमा, सिंहदरबारदेखि दूर कालीगण्डकीको छेउछाउमा बन्नुपर्‍यो ।

यी संस्थाहरूले नेपालका जनजाति, दलित, मधेशी सबैलाई आत्मा-शरीर-भविष्यसम्मै छुनुपर्‍यो । सात-सातवटा प्रान्त त बने, तर त्यहाँ खोइ संस्था ? अझै पनि भारत-विदेश वा काठमाडौं ताक्छन् त्यहाँका बासिन्दाहरूले । किनकि संस्थाहरू नै छैनन्; बैंक, दूरसञ्चार, इन्सुरेन्स, शिक्षा, स्वास्थ्य र अनुसन्धान एवं अदुवा-सुन्तलामा लाग्ने कीटाणु-रोग आदि सम्बन्धी पनि ।

तेस्रो, नेपालले आफूसँग जे प्राकृतिक संसाधन छ त्यसलाई पर्याप्त एवं वैज्ञानिक ढंगले प्रयोगमा ल्याउनुपर्छ । ८३ हजार मेगावाट बिजुली उत्पादन गर्ने क्षमताको ढोलपिटाइ एकापट्टि, फर्पिङमा सन् १९११ मै एसियाकै दोस्रो जलविद्युत् कारखाना खुलेको, अर्कापट्टि अहिले पनि केवल २ हजार मेगावाट बिजुली उत्पादनमै पाखुरी-सुर्काइ !

यसबारे कसले कसरी बुझाउन सक्छ ? नेपालले चाहे पनि नचाहे पनि खोला-नदीको पानी तलैतिर बगेको सयौं वर्ष भइसक्यो र पनि बिजुलीभन्दा पनि पानीको कूटनीति गर्नपट्टि लाग्छ ।

भोटाङ बिजुली बेचेरै कहाँ पुग्यो ! सरकार डोको-नाम्लो वा नक्षत्र मण्डलबाटै किन नआओस्, पानीमाथिको नीति लामो सोच राखेर बनाउनुपर्‍यो । अहिले गठन भएको सरकारले पानी-बिजुलीमाथि ठीक नीति बनाएर भारतले सन् २०२१ मा जारी गरेको बिजुली व्यापारबारेको दिशानिर्देश र नीतिलाई गतिलै रूपमा प्रयोगमा ल्याउन सक्नुपर्छ ।

यस नीति अन्तर्गत नेपालले अब बिजुली भारतलाई मात्रै नभई अन्य छिमेकी राष्ट्रमा पनि बेच्न सक्नेछ । नेपालको बिजुली भारतको उत्तरपूर्वी क्षेत्र भएर त्रिदेशीय (भारत, बर्मा, थाइल्यान्ड) राजमार्ग हुँदै मलेसिया, सिंगापुर र कम्बोडिया पुग्नु नै नेपालले अरूलाई आफूमा निर्भर बनाउनु हो । सरकारले यस्तो सोचमा आफूलाई चुर्लुम्म डुबाउनुपर्छ नै ।

चौथो, नयाँ सरकारले भारत र चीनलाई नेपाल राष्ट्रको विकासमा प्रभावशाली ढंगमा प्रयोग गर्नुपर्छ । संस्था निर्माणदेखि बाटाघाटा-रेल-हवाई-पानी-शिक्षा-स्वास्थ्य-वैज्ञानिक अनुसन्धान सबैमा भारत र चीनलाई चलाउनुपर्छ । अहिलेसम्मको भारत-चीनतर्फको नेपालको रणनीति नै फेल भयो; कारण, यस रणनीतिमा संस्थाभन्दा पनि गहिरो भूमिका व्यक्तिले खेल्ने भयो ।

नेताहरूलाई नै स्थायी ढंगमा भारतपरस्त, चीनविरोधी आदिको छाप लाग्यो । संस्था त कहाँ गयो-गयो ! अर्को, नेताहरूले ठोस रूपमा नेपालको राष्ट्रिय हितबारे कुरा नराखेर भारतलाई कसरी खुसी र चीनलाई कसरी सन्तुष्ट राख्ने भन्ने विषयमा ध्यान दिए । बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले दुइटै राष्ट्रबाट लिनुसम्म लिएर पनि दुवैसँगको सम्बन्धमा सन्तुलन नै कायम राखिरहेकी छन् ।

पाँचौं, के नेपाल सरकारले आफ्नो खेतीपाती-उद्योग, जाति-जनजाति-दलित आदिलाई एसियाली क्षेत्रीयताको व्यापक रूप दिन सक्ला ? नेपालले आफ्नोमा लछेप्रै पाइने ओखतीमुलो, धामी-झाँक्री-फेदाङमा-बोन्पो आदिको ज्ञानलाई मूल्य शृंखला (भ्यालु चेन) बनाएर भारतीय-बंगलादेशी-बर्मेली-थाई आदि उद्योगधन्धामा घोलेर विश्वबजार खान सक्ला । त्यो मूल्य शृंखलामा अदुवा-अलैंची-पाखनबेद- तितेपाती नै किन नहोऊन् ! राई-लिम्बू-बाहुन-तामाङ-शेर्पा-थकाली-मधेशीको पारम्परिक पहिरनबाट फेसन टेक्नोलजी चलाएर पनि नेपालले विश्वबजार खान सक्ला ।

दक्षिण कोरिया, जापान, इटलीले यही त गरे !

अनि त फेरि युवा पिँढीका निम्ति नेपाल सरकारले भद्रपुरदेखि डडेलधुरासम्म विभिन्न आधुनिक प्रशिक्षण एवं दक्षता केन्द्रहरू खोल्न सक्छ । भारतले, चीनले यही गरे र त आज भारत आफ्ना श्रमदान-श्रमिक आदिबाट विश्वमै सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने राष्ट्र भएको छ । नेपाल सरकारले आफू डाइसको गोटी भएर अरूलाई हल्लाउन दिनु हुँदैन । नेपालीहरू अघि बढ्न चाहन्छन्, वीरतादेखि परतिर जान चाहन्छन् । साभार इकान्तिपुर

## सरकारी....

१३ जनालाई पक्राउ गरेको हो।

उनीहरूले सेवाग्राहीलाई दुःख हैरानी दिने गरेको आरोप छ। यस्तै छिटो काम सकाइदिने भन्दै दस्तुरभन्दा बढी रकम असुल्ने, बाधा अवरोध पुर्‍याउने गरेको समेत आरोप छ।

## औषधि.....

थियो । बरामद गरिएको औषधि सहितको ट्रक र रक्सीको मूल्य १ करोड ३४ लाख ४९ हजार ७ सय २५ रुपैयाँ गरिएको थियो । प्रमुख कर अधिकृत कपिल सुवेदीले मदिरा नष्ट गरेर चालकलाई जरिवाना गरेको जानकारी दिए ।

'औषधि ल्याउने प्रज्ञापनपत्र थियो, तर बीच बाटोमा अवैध घरेलु मदिरा राखेर ल्याएका रहेछन्', उनले भने, 'कानुन बमोजिम जरिवाना गरेर छोडेका छौं ।'

## पेट्रोलियम..

मूल्य कटौती गर्न प्रधानमन्त्री प्रचण्डले निर्देशन दिएको उनको सचिवालयले जनाएको छ।

बिहिबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वाणिज्य तथा आपूर्ति सचिवलाई निर्देशन दिँदै प्रधानमन्त्री प्रचण्डले आम जनतालाई राहतको अनुभूति हुने गरी पेट्रोल र डिजेल तथा हवाई इन्धनको मूल्य कटौती गर्न निर्देशन दिएका हुन्।

नेपाल आयल निगमको पछिल्लो विवरण अनुसार १५ दिनमा रु ९९ करोड नाफा हुने देखिएको छ।

## तातोपानी......

ढुवानी सेवाका अध्यक्ष अर्जुनबहादुर सापकोटाले बताए, 'सामान लोड र अनलोड गर्ने मजदुरहरूलाई काम नै पुगेको छैन', उनले भने, 'आयात र निर्यात पहिले झैं भयो भने उनीहरूले पनि काम पाउँछन्।'

नाका बन्द हुँदा त्यहाँ कार्यरत व्यवसायीहरू पलायन हुन थालेका छन्। लिपिङमा झोले पोके व्यापार र पर्यटकको भारी बोकेर गुजारा गर्ने स्थानीयहरू विदेश जान बाध्य भएका छन्।

भोटेकोसी गाउँपालिकाको पाँच वटा वडा र बाह्रबीसे नगरका दुई वटा वडाका अधिकांश स्थानीय विदेश पलायन भएका हुन्।

भोटेकोसी नारायणथान निवासी शेर्पाले तातोपानी नाका बन्द भएको आठ वर्षयता यस क्षेत्रका अधिकांश घर खाली भएको र धेरैजसो विदेश गएको बताए।

# बारा : आगो ताप्ने क्रममा जलेर महिला गम्भीर घाइते

वीरगञ्ज, २१ पुष । चिसो छल्न लगाइएको आगो ताप्ने क्रममा जलेर एकजना महिला गम्भीर रुपले घाइते भएकी छन् । बाराको जितपुरसिमरा उपमहानगरपालीका वडा नम्बर १८ उचिडिमा आगो ताप्ने क्रममा जलेर ६० वर्षीया किमैनादेवी यादव घाइते भएकी हुन् । सुवर्ण गाँउपालिका वडा नम्बर ३ घर भई उचिडिमा बस्दै आएकी महिला आफ्नै घरको बरण्डामा बालेको आगो ताप्ने क्रममा जलेकी हुन् । लुगामा सल्किएको आगो फैलिएर उनको शरिरको विभिन्न भाग जलेको थियो ।घाईते महिलाको किर्तिपुर अस्पतालमा उपचार भईरहेको छ । कलैया प्रादेशिक अस्पताल र चितवन मेडिकल कलेज हुँदै घाईते महिलालाई किर्तिपुर अस्पताल लगिएको बाराका प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिए ।

# मृतकको हातबाट ब्रास्लेट चोर्ने भरतपुर अस्पतालका गार्ड पक्राउ



भरतपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएका व्यक्तिको हातमा रहेको ब्रास्लेट चोरी गरेको अभियोगमा अस्पतालकै गार्ड पक्राउ परेका छन्।
पुस १७ गते नारायणगढ-मुग्लिन सडकको केराबारीमा ना ५६ ख ३३१२ नम्बरको ट्रकको ठक्करबाट प्रदेश-०३-००३ प ६५७४ नम्बरको मोटरसाइकलका चालक घाइते भएका थिए।
तनहुँको भानु नगरपालिका-२ ठेगाना भई भरतपुर-१ मा बस्दै आएका मोटरसाइकल चालक ३७ वर्षीय सञ्जिवबहादुर रायमाझीको भरतपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो।
मृतकको शव आकस्मिक कक्ष नजिकै रहेको कोठामा रहेको अवस्थामा हातमा लगाएको ब्रास्लेट चोरी भएको थियो।
मृतकका परिवारले मृतकले हातमा लगाएको ब्रास्लेट र पैसा हराएको जानकारी प्रहरीलाई गराएका थिए।
अनुसन्धान गर्दै जाँदा उक्त ब्रास्लेट अस्पतालका गार्डले नै चोरी गरेको भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी विजयराज पन्डितले जानकारी दिए।
चोरीमा संलग्न खोटाङको ऐसेलुखर्क-५ ठेगाना रहेका गार्ड २७ वर्षीय कृष्ण राईलाई पक्राउ गरेर जिल्ला आदलतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको डिएसपी पन्डितले बताए।

# वीउवासंघद्वारा प्रहरी उपरीक्षक शाहसंग भेटघाट तथा छलफल




वीरगञ्ज, २१ पौष ।
पर्साका प्रहरी उपरीक्षक कोमल विक्रम शाहसँग वीरगञ्ज उद्योग वाणिज्य सङ्घका पदाधिकारी, कार्यसमिति सदस्यहरुले आज एक समारोहका बीच भेटघाट तथा छलफल गरेका छन् । वीउवासंघले आफनै सभाकक्षमा आयोजना गरेको कार्यक्रममा
वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ताले स्वागत मन्तव्यका क्रममा वीरगञ्ज उद्योग वाणिज्य सङ्घको ऐतिहासिक पृष्ठभूमि र यस क्षेत्रको औद्योगिक, व्यापारिक महत्व तथा उपादेयका बारे प्रकाश पार्नु भएको थियो । डा. गुप्ताले खुल्ला बोर्डर हाम्रो लागि अवसर र चुनौती दुवै भएकोले शान्ति सुरक्षा, तस्करी नियन्त्रणमा प्रहरीले सघन भूमिका निर्वाह गर्नुपर्ने तर्फ ध्यानाकर्षण गराउनु भएको थियो । सङ्घले आफ्नै सक्रियतामा सञ्चालन गरेको सिसिटिभी परियोजनाको व्यवस्थापन र विस्तारमा समेत सहकार्य गर्न प्रहरी उपरीक्षकलाई अवगत गराउँदै औद्योगिक सुरक्षा बलको पुन: स्थापनामा सबैको सहकार्य अपरिहार्य भएको बताउनुभयो ।
प्रहरी उपरीक्षक कोमल विक्रम शाहले अध्यक्षबाट व्यक्त भएका चासोलाई आफ्नो कार्यकालमा सक्रियतापूर्वक सम्पादन गर्ने तर्फ प्रयत्नशील रहने बताउनुभएको थियो । उहाँले अवैध व्यापारलाई निरुत्साहित तथा चोरी निकासी पैठारीलाई नियन्त्रण गर्ने प्रष्ट पार्नुभयो ।
सोही अवसरमा राष्ट्रिय अनुसन्धान कार्यालय, पर्साका उपनिर्देशक दीपक खड्काको बिदाई समेत गरिएको थियो । बिदाई समारोहमा उपनिर्देशक खड्काले वीरगञ्ज उद्योग वाणिज्य सङ्घले गरेको माया र सदभाव आफू कहिले पनि बिर्सन नहुने बताउनु भयो । उहाँले सामाजिक विकासको लागि वीउवासले निर्वाह गर्दै आएको भूमिका सराह्नीय रहेको बताउँदै आगामी दिनहरुमा समेत एक आपसबीचको सम्बन्ध अझै प्रगाढ हुने धारणा राख्नुभयो ।
कार्यक्रममा वीउवासङ्घका निवर्तमान अध्यक्ष गोपाल केडिया, पूर्व अध्यक्षद्वय अशोक कुमार टेमानी र अशोक कुमार वैध, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोजकुमार दास, सचिव आशीष लाठ, सह-कोषाध्यक्ष प्रेमचन्द्र गोयल, सह-सचिव अनोज रुँगटा लगायत कार्य समिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

# जसपाले भोलि मधेसमा दलको नेता छान्दै, राउत र यादवबीच प्रतिस्पर्धा



काठमाडौं : जनता समाजवादी पार्टी ( जसपा)ले भोलि (शुक्रबार) मधेस प्रदेशको संसदीय दलको नेता चयन गर्ने भएको छ। आकांक्षीहरू धेरै भएपछि जसपाले मधेसमा संसदीय दलको नेता छान्न सकेको छैन। पार्टी नेता लालकिशोर साह नेतृत्वको निर्वाचन समितिले भोलि दलको नेता छान्ने तयारी गरेको छ। जसपाले मधेसमा १६ सिट जितेको छ।
जसमा प्रत्यक्षतर्फ ९ र समानुपातिकतर्फ ७ सांसद रहेका छन्। मधेस प्रदेशको संसदीय दलको नेता बन्न हालका मुख्यमन्त्री लालबाबु राउत र सरोज राय यादव प्रमुख आकांक्षी छन्। यद्यपि जसपाले दलको नेतामा नदोहोर्‍याउने नीति लिएको छ। राउत नेतृत्वको मधेस सरकार धेरै कुरामा विवादित समेत भएकाले जसपाले नदोहोर्‍याउने नीति लिएको जसपाका एक कार्यकारिणी सदस्यले बताए।
जसपाले एमाले नेतृत्वको गठबन्धनसँग मधेसमा मुख्यमन्त्री दाबी गर्दै आएको छ। मुख्य मन्त्री बन्ने होडले दलको नेता बन्नेहरू धेरै देखिएको ती सदस्यको भनाइ छ।

# त्रिभुवन विश्वविद्यालयलाई आर्थिक अभाव



काठमाडौं : सरकारले पर्याप्त बजेट उपलब्ध नगराउँदा मुलुकको पहिलो विश्वविद्यालयले आर्थिक अभाव बेहोर्नु परेको छ। पर्याप्त बजेट नहुँदा त्रिभुवन विश्वविद्यालयले अवकाशप्राप्त प्राध्यापक र कर्मचारीलाई साउनयता पेन्सन पठाउन सकेको छैन।
विश्वविद्यालय अलुम्नाई एशोसिएशनको चौथो राष्ट्रिय सम्मेलनको उद्घाटनमा बोल्दै विश्वविद्यालयका रजिष्ट्रार प्रा डा पेशल दाहालले पेन्सन खुवाउन नसकिएको बताए।
विश्वविद्यालयले गत आर्थिक वर्षमा २८ अर्ब बजेट विश्वविद्यालयसभाबाट पारित गरेको थियो भने सरकारले नौ अर्ब रुपैयाँ बजेट दिएको उनले जानकारी दिए। विश्वविद्यालयले १० अर्ब तलब र भत्ता तथा चार अर्ब पेन्सनमा खर्च गर्दै आएको रजिष्ट्रार दाहालले बताए।
कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा डा धर्मकान्त बास्कोटाले विश्वविद्यालयमा १६ हजार ६५ जना शिक्षक र कर्मचारीको दरबन्दी रहेकोमा सरकारले १३ हजार जनाका लागि मात्रै तलब भत्ता पठाउने गरेको बताए।

# नवौं राष्ट्रिय खेलकुदमा पदक जित्ने १६ झापाली खेलाडीलाई सम्मान



झापा : नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने झापाका खेलाडीहरूलाई नगदसहित सम्मान गरिएको छ।
भद्रपुरस्थित झापा जिल्ला खेलकुद विकास समितिले बिहीबार मेची रङ्गशालामा आयोजना गरेको एक कार्यक्रमकाबीच पदक जित्ने १६ जना खेलाडीलाई नगदसहित सम्मान गरेको हो।
नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा झापाले २ स्वर्ण, ९ रजत र ६ कांस्य पदक जितेको थियो। नगदसहित सम्मानित हुनेहरूमा स्वर्ण पदक जित्ने बक्सिङकी स्वर्णधारी त्रिसा जवेगू र आइटिएफ तक्वान्दोका रोशन मगर छन्।
त्यस्तै, रजत पदक जित्नेहरू बक्सिङका सुस्मिता राई र अविनय राई, आर्चरीका योगिता काम्बाङ र स्मृति उप्रेती, बुद्धिचालकी कृति सरा अधिकारी, पौडीका प्रारम्भ भण्डारी, सेपाताक्रोका सुशील विश्वकर्मा छन्।
त्यसैगरी कांस्य पदक जित्नेहरू बुद्धिचालकी खुश्बु थापा र राजन सुवेदी, जुडोका निश्चल राई, मङ्गलु मेचे र प्रेम गुरुङ, कुस्तीका विशाल बुढाथोकी र रेणुका राजवंशी छन्।
सोही कार्यक्रममा खेलकुद विकास समिति झापाका पूर्व अध्यक्ष शङ्कर थापाले व्यक्तिगत रुपमा पदकधारी खेलाडीलाई प्रोत्साहन स्वरूप नगद रकम प्रदान गरेका थिए।
समितिका अध्यक्ष प्रशान्त भण्डारीको अध्यक्षतामा तथा प्रदेश खेलकुद विकास बोर्ड १ नम्बर प्रदेशका सदस्य सचिव हंसराज वाग्लेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ १ नम्बर प्रदेशका अध्यक्ष टिकाराज ढकाल, भद्रपुर झापा गोल्ड कपका अध्यक्ष दीपेश ढकाल लगायतले खेलाडीलाई सम्मान पत्र प्रदान गरेका थिए।
सोही कार्यक्रमको अवसरमा समितिका पूर्व अध्यक्ष शङ्कर थापा, बक्सिङ प्रशिक्षक डम्बर लिम्बू, आइटिएफ तेक्वान्दो प्रशिक्षक नवीन तामाङ, पूर्व कार्यालय प्रमुख टहलदास मैनाली र पूर्व लेखापाल देवी कार्की न्यौपानेलाई पनि सम्मान गरिएको थियो।

# तातोपानी नाकामा चहलपहल शून्य




काठमाडौं : काठमाडौंदेखि एक सय २४ किलोमिटर दूरीमा रहेको तातोपानी नाका कुनै समय गुलजार थियो।
चिनियाँ बजारमा सामान खरिद गर्न पुग्ने व्यापारी र उपभोक्ताका कारण तातोपानी नाकामा चहलपहल निकै बढी थियो। तर २०७२ साल वैशाखमा आएको भूकम्पपछि भने तातोपानी नाकाको मुहार फेरिएको छ। अहिले समय भूकम्पले भत्काएका जीर्ण भवन र सीमा सुरक्षार्थ प्रहरी कार्यालय बोहक अरू छैन। कुनै रेष्टुराँ र होटलमा भ्याइनभ्याइ हुने यो क्षेत्रमा यति बेला एउटा पनि होटल तथा रेष्टुराँ छैन। चीनसँग जोडिएको नेपालको सबैभन्दा पुरानो नाकाबाट भूकम्पपछि आंशिक रूपमा आयात खुला भएको चारवर्ष भए पनि निर्यात बन्द भएको सात वर्ष भइसकेको छ। जसका कारण चहलपहल शून्य जस्तै अवस्थामा पुगेको हो। तातोपानी नाका नियमित सञ्चालन नभएपछि मितेरीपुलदेखि चीन-नेपाल दुवैतर्फको करिब पाँच किलोमिटर क्षेत्रमा चहलपहल छैन। यो नाकाबाट कहिलेकाँही मात्र सामान आयात भने भइरहेको तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत दयानन्द केसीले बताए। प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वमा नयाँ सरकार भएपछि चीन सरकारले तीन वर्षदेखि बन्द रहेका रसुवागढी र हुम्ला नाका खोलेको छ। हाल रसुवागढी नाकाबाट निर्यात सुरु भएको छ भने यारी नाकाबाट आयात भइरहेको छ। तर व्यवसायिक रूपले महत्वपूर्ण मानिएको सिन्धुपाल्चोकको तातोपानी नाका तीन वर्षदेखि पूर्ण रुपमा खुलेको छैन। केरुङबाट कन्टेनर ल्याउँदा ढुवानी भाडा बढी लाग्ने भएकाले नेपाली व्यापारीहरू तातोपानी नाकाबाटै सामान ल्याउन खोज्छन्। नेपाल च्याम्बर अफ कमर्शका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले कोटा तोक्नेभन्दा पनि आवश्यक सामग्री ल्याउने गरी चीन सरकारले वातावरण बनाउनुपर्ने बताए। चीनमा तीन वर्षदेखि जारी बन्दाबन्दी अहिले मात्रै हटेकाले नाकाबाट आयात-निर्यात खुला हुने स्थानीयमा आशा भने कायमै छ। चिनियाँ पक्षले बन्दाबन्दी हटेपछि खासाबाट पहिलेको तुलनामा बढी कन्टेनर नेपाल पठाउन थालेका छन्। लामो समयदेखि नाका नखुल्दा त्यहाँ कार्यरत मजदूरहरू समस्यामा परेको नेपाल ट्रक कन्टेनर

बाँकी तेश्रो पृष्ठमा